नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

**निर्णयहरु :-**

१. होली पर्वको अवसरमा सम्पूर्ण जिल्लाबासीलाई शुभकामना व्यक्त गर्ने ।

२. मुस्लिम धर्मावलम्बीहरुको पवित्र महिना रमजान (रोजा) को पावन अवसरमा सम्पूर्ण जिल्लाबासी दाजुभाई तथा दिदी बहिनीहरुमा सुख, शान्ति, सम्बृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।

३. यस वर्ष तराईमा मनाईने होली पर्व फागुन २१ मा सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मौन अवधी शुरु भैसकेको समयमा फागुन १९ गते परेको हुनाले मौन अवधीको निर्वाचन आचारसंहितालाई दृष्टिगत गरी घर परिवार र आफन्तबीच मनाउन सबैलाई स्थानीय प्रशासनले अनुरोध गर्ने ।

४. फागु पूर्णिमा (होली) रमजान पर्व मनाउँदा वा अन्य सांस्कृतिक कार्यको आयोजना गर्दा सामाजिक सद्भाव कायम गर्ने तथा ध्वनी प्रदुषण हुन नदिन सबैलाई स्थानीय प्रशासनले आह्वान गर्ने ।

५. सबैले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ स्वतन्त्र, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगबाट जारी भएको आचारसंहिता पालना गर्ने । आ-आफ्नो तहबाट स्थानीय प्रशासनलाई सहयोग गर्ने

६. यस जिल्लामा हालसम्म नागरिक स्तरमा कायम रहदै आएको सामाजिक सद्भाव, धार्मिक सहिष्णुतालाई थप मजवुत र सुदृढ बनाउन सबैले आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने ।

२०८२।११।१५

प्रमुख जिल्ला अधिकारी